"कृषि, पर्यटन र साँस्कृतिक पूर्वाधार: टेम्केमैयुङ विकासको आधार"

# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

पं.सः २०८१/०८२
च.नः

## अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधार र आर्थिक सबलीकरणका लागि आवेदन दिने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः२०८२/०२/२१

प्रस्तुत विषयमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता रोकथाम तथा पुनःर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरु आयआर्जन क्रियाकलापमा संलग्न भएका र अरु नयाँ उद्यमीहरुको व्यवसाय विस्तार र नयाँ उद्यमको स्थापना र गरिरहेको व्यवसायलाई अझ प्रवर्द्धन गर्न अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम संचालनका लागि तपशिलमा उल्लेखित कागजात संलग्न गरी मिति २०८२/०२/३० गते भित्र आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका तथा म्याद नाघी प्राप्त आवेदनहरु उपर कुनै कारबाही हुने छैन ।

(क) आवश्यक न्यूनत्तम मापदण्ड

१. नेपाली नागरिक,
२. सेतो वा पहेँलो अपाङ्गता परिचयपत्र पाएको अपाङ्गता भएको व्यक्ति,
३. निलो र रातो अपाङ्गता परिचयपत्र पाएको व्यक्तिको हकमा एकाघरको परिवारको सदस्य,
४. टेम्केमैयुङ गाउँपालिकाको स्थायी बासिन्दा,
५. उद्यम/व्यवसायमा संलग्न भएको वा सीप तालिम प्राप्त गरि उद्यम वा व्यवसाय शुरु गर्न तत्पर रहेका अपाङ्गता भएको व्यक्ति,

(ख) संलग्न गर्नुपर्ने कागजातहरु

१. अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम संचालन प्रक्रियाको अनुसूची-१ बमोजिमको आवेदन फाराम,
२. आवेदकको नागरिकता वा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
३. व्यवसाय दर्ता भएको भए दर्ता प्रमाणपत्र,
४. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो,

थप जानकारीका लागि "अपाङ्गता सहायता कक्ष" मो.नं. ९८४९७९८६०१, ९८१९०२४७४३ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ साथै निवेदन सम्बन्धित शाखाबाट प्राप्त गर्न सक्नुहुनेछ ।

२०८२/०२/२१

गणेश प्रसाद घिमाल
(नि. प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा टेम्केमैयुङ गाउँपालिकाः वेवसाईट तथा सूचनाका माध्यममा राखि दिनहुन।
श्री सम्पूर्ण वडा कार्यालयहरु टेम्केमैयुङ गाउँपालिकाः आवश्यक सहजीकरण गरिदिनहुन।